# बाँच्नुको विज्ञापन

• मनोज बोगटी

घरबाट भागेर
बुद्ध
पिपलको फेदमा छ
गृहत्यागका फेस्टुनहरू वरिपरि गाडेर।

सुजता छे
इन्टरनेट क्यापेमा।

•

नूहको जहाज रित्तो छ
हवाइ यात्रामा छन् सबै।

चुपचाप हेरिरहेछ यीशु
कल्भेरीमा झुण्डेर एक्लै
सृष्टिको सुन्दरता।

•

अर्जुन
खाली हात छ युद्धमा
– वैचारिक युद्धमा
हार्दै गइरहेछ इतिहासमा
महाभारत।

गुञ्जेकै छैन
यदा यहा ही धर्मस्य...
एड्स ग्रस्त छ
कृष्ण।

•

ढोगिरहेछ ईश्वर
निरन्तर
मान्छे।